छैठौं इन्द्र बराह गल्फ

# वैशाख ४ देखि सुरु

• कोशीपत्र संवाददाता

धरान




गल्फ खेलको विकासका लागि धरानमा इन्द्र वराह स्मृति एमेच्योर ओपन गल्फ प्रतियोगिता हुने भएको छ।

कोरोनाको कारण अघिल्लो वर्ष आयोजना हुन नसकेको छैठौं इन्द्र बराह स्मृती एमेच्योर ओपन गल्फ प्रतियोगिताको निरन्तरता वैशाख ४ गते हुने भएको हो । धरान स्थित निर्वाणा कन्ट्री क्लबको गल्फ कोर्षमा प्रतियोगिता हुने सोमबार पत्रकार सम्मेलन गरि आयोजक धरान गल्फ क्लबले जनाएको छ । बराह ग्रुपका संस्थापक इन्द्र कुमार लामिछानेको स्मृतिमा आयोजना गरिएको गल्फ प्रतियोगितामा राष्ट्रिय खेलाडिहरुले सहभागिता जनाउने भएका छन् । यस वर्ष सातौं प्रतियोगिता हुनुपर्ने भए पनि अघिल्लो वर्ष कोरोनाका कारण प्रतियोगिता हुन नसकेकाले यसैलाई छैठौं मानिएको आयोजकका कोषाध्यक्ष राजु राईले बताए।

राईका अनुसार प्रतियोगिता आयोजना गर्न दिएको बराह ग्रुपको प्रायोजित बजेटमा ४० प्रतिशत पुरस्कार राशीका रुपमा खर्च गर्ने र बाँकी ६० प्रतिशतबाट क्लबले खेलाडिको लागि खाना, खाजा, मैदान व्यवस्थापन लगायत प्रतियोगिता व्यवस्थापनका लागि खर्च गरिने भएको छ। प्रतियोगिताको लागि बराह ग्रुपले १ लाख ५० हजार रुपैया उपलब्ध गराएको छ। प्रवेश शुल्कबाट ३८ हजार संकलन गर्ने भएको छ। कुल १ लाख ८८ हजार रुपैयाको बजेट हुने आयोजकले जनाएको छ। बराहले १५ बर्ष सम्म निरन्तर प्रतियोगिता आयोजना गर्ने सम्झौता गरेको छ । खेलको माध्यमबाट पनि बराहलाई परिचित गराउन टेवा पुऱ्याएको ग्रुपका अध्यक्ष शिव लामिछानेले बताए । उनले भने, प्रतियोगिताले बराहलाई अन्तराष्ट्रिय बजारमा व्यापारिकरणमा सहयोग पुऱ्याएको छ, आर्थिक उन्नतीमा देश अघि बढेको पनि सुचित गराएको छ।'

टिपरको ठक्करबाट मृत्यु

# कडा कारवाहीको माग गर्दै प्रदर्शन

• कोशीपत्र संवाददाता

सुनसरी



आइतबार दिउँसो धरान-इटहरी सडक खण्डमा टिपरले ठक्कर दिएर एक वृद्धलाई मारेको विरोधमा सोमबार स्थानीयले दिनभरी इलाका प्रहरी कार्यालय अघि प्रदर्शन सहित सडकनै बन्द गरेका छन् ।

टिपरले ब्याक गरेर वृद्धलाई मारेको उनका आफन्तहरुले आरोप लगाउदै सोमबार टिपर चालकलाई कडा कारवाहीको माग गर्दै आन्दोलनमा उत्रिएका हुन् । इटहरी वडा नं.१ स्थित आदर्श टोलका ८२ वर्षिय कर्ण बहादुर गुरुङलाई आइतबार दिउँसो प्रदेश १-०२-००१ ख ८६६५ न. को मालबाहक टिपरले ठक्कर दिएको थियो । रोकेर साईड लगाउन पछाडि सार्न खोज्दा शुरुवातमा ठक्कर दिएको र पछि 'ब्याक' गरेर मारेको परिवारको आरोप छ । स्थानीयबासीले सोमबार दिनभर इलाका प्रहरी कार्यालय अगाडि प्रदर्शन गरेपछि स्थिती तनाबग्रस्त बनेको थियो । प्रदर्शनपछि साँझमा भने प्रहरीले लाठीचार्ज गरि प्रदर्शनकारीलाई तितरवितर पारेको थियो । त्यस पछि पुर्व तर्फको सडकबाट सवारी साधन चलेका थिए। नियतवस चालकले ब्याक गरेर मारेको हुँदा कडा कारबाही, उचित क्षतिपूर्ति र टिपर आंतक बन्द गर्नुपर्ने माग राखेर इलाका प्रहरी कार्यालय अगाडि सडकमा टायर समेत बालेर प्रदर्शन गरेका थिए। स्थानीयबासी आक्रोसित भएपछि स्थिती सहज बनाउन प्रहरीले वार्ता गरेपछि टुंगोमा पुग्न नसकेको सुनसरीका प्रहरी प्रमुख एसपी कमल थापाले बताए। मंगलबार बिहान पुनः वार्ता गरेर टुंगो लगाउने निर्णय भएको छ।

आइतबार पनि घटनाको विरोधमा स्थानीयले दिनभरी प्रदर्शन गरे पनि राती परिवारको सहमतीमा पोष्टमार्टमका लागि शव उठाएका थिए। टिपर चालक अनिल चौधरीलाई प्रहरी पक्राउ गरि थप अनुसन्धान गरिएको बताएको छ।

# जयनद्वारा मेकानिकल तालिम

• कोशीपत्र संवाददाता

पथरी

नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय ग्रामीण उद्यम तथा विप्रेषण (समृद्धि)आयोजनाको आर्थिक सहयोग र हेल्भेटास नेपालको प्राविधिक सहयोगमा जयन टेक्निकल कलेजद्वारा पथरीशनिश्चरेका युवाहरुलाई एसी तथा फ्रिज मेकानिक तालिम शुरु गरेको छ।

पथरी शनिश्चरे वडा नं. ४ का युवा युवतीहरुका लागी मेकानिकल तालिम गत शुक्रबार देखी शुरु भएको हो। सामाजिक देउराली युवा क्लबको सभाहलमा उक्त तालिम सुरु भएको छ। तालिममा वडाका २० जना युवा युवतीहरुले भाग लिएका छन् ।

आजको युग प्रबिधिमुलक शिक्षाको युग भएकोले आम समुदाय सबैले प्रबिधिमुलक शिक्षामा जोड दिनुपर्ने कार्यक्रमका प्रमुख अतिथि संविधानसभा सदस्य लालबहादुर सुस्लिङले बताए ।कार्यक्रमका सभापति जयन टेक्निकल कलेज अफ टेक्नोलोजी प्रालि वुटवलका कार्यक्रम संयोजक शैलेश बानियाँले तालिमले आफ्नै देशमा रोजगार गर्न चाहने बेरोजगार जनशक्तिलाई सीप र क्षमता अनुसारको रोजगारमा दक्ष बनाई स्वदेशमै रोजगार दिने लक्ष्य राखेको बताए।

बानियाँले तालिममा सहभागी सवैलाई सिटिईभिटीको सीप परिक्षण गराई प्रमाण पत्र प्रदान गरिने बताए।

MITERI
Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond
Ph.025-531317 Head Office, Dharan

**Rates: Effective from 01 Baishak 2078 (14 Aprial 2021)**

| S. N. | Nature of Deposit / Saving Deposit | Minimum Balance | Interest Rate / On Daily Basis |
|---|---|---|---|
| 1 | Staff Saving A/C | 500.00 | 4.50% |
| 2 | General Saving A/C | 1,000.00 | 5.00% |
| 3 | Premium Saving A/C | 5,000.00 | 5.00% |
| 4 | Chelibeti Bachat A/C | 500.00 | 5.00% |
| 5 | Share Deposit | 200.00 | 4.50% |
| 6 | Social Security A/C | 0.00 | 4.50% |
| 7 | Miteri Kiddy Bank | 100.00 | 4.50% |
| 8 | Gorkha Bachat A/C | 1,000.00 | 4.50% |
| 9 | Money Plus A/C | 1,000.00 | 4.50% |
| 10 | Miteri Prime Account | 10,000.00 | 5.75% |
| 11 | Miteri Supersaving Account | 50,000.00 | 6.00% |
| 12 | Miteri Call Account | | 0- 2.00 % |
| 13 | 3 Month Fixed Deposit | | 7.00% |
| 14 | 6 -9 Month Fixed Deposit | | 8.00% |
| 15 | 1 to 5 Year Fixed Deposit | | 8.50% |
| 16 | More than 5 year | | Negotiable |
| 17 | 6-9 Month Corporate Fixed Deposit | | 7% |
| 18 | Corporate Fixed Deposit 1 Year or More | | 7.50% |
| | **Nature of Loan** | | **Interest Rate** |
| 1 | Interest rate of all type of Loan | | Base rate Plus up to 5% |
| 2 | Loan Against FD | | 2.00% above FD rate or Min 10.5% |
| 3 | Base Rate Poush end 2077 | | 8.93% |
| 4 | Fixed Interest Rate | | 13%-15% |


**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मेरो निम्न नाम ठेगाना सिम्बल नम्बर भएको १०+२को माइग्रेसन सर्टिफिकेट यहीँ मिति २०७६/०८/१० गतेका दिन धादिङ बाट धरान आउने क्रममा हराएकाले भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलका ठेगानामा सम्पर्क गरि बुझाइ दिनुहुन अनुरोध गर्दछु।
नाम : सुनिल बुढाथोकी
ठेगाना : गल्छी गा.पा.धादिङ
रजिष्ट्रेशन नं : ७४३१०३१३A
सिम्बोल नं : २३१०१५४२
सम्पर्क : ९८४०१७४१५४

**बीमालेख हराएको सूचना**

यस कम्पनीबाट जारी भएका तपशिल बमोजिमका बीमालेख हराएकोले प्रतिलिपी बीमालेख जारी गरी पाँउ भन्ने ब्यहोरा सहितको निवेदन सम्बन्धी बीमितबाट यस कम्पनिमा प्राप्त भएकोले उक्त वीमालेख उपर कोही कसैको हक दाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कम्पनिको प्रधान कार्यालयमा प्रमाण सहित निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा निवेदकको माग बमोजिम सम्बन्धित वीमितको नाममा प्रतिलिपी वीमालेख जारी गरिने व्यहोरा सम्बन्धित सवैको लागि जानकारी गराईन्छ।
**नाम:** टिकालक्ष्मी राई
**ठेगाना** : तिम्मा -९, भोजपुर
**बिमालेख नं** : ११३०००३१३८
सर्म्पक: ९८४२५९०८५५
लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
**लाईफ इन्स्युरेन्स कर्पोरेशन (नेपाल) लि.**
प्रधान कार्यालय स्टारमल, काठमाण्डौं
फोनं.: ०१-४०१२६१३

**बीमालेख हराएको सूचना**

यस कम्पनीबाट जारी भएका तपशिल बमोजिमका बीमालेख हराएकोले प्रतिलिपी बीमालेख जारी गरी पाँउ भन्ने ब्यहोरा सहितको निवेदन सम्बन्धी बीमितबाट यस कम्पनिमा प्राप्त भएकोले उक्त वीमालेख उपर कोही कसैको हक दाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कम्पनिको प्रधान कार्यालयमा प्रमाण सहित निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा निवेदकको माग बमोजिम सम्बन्धित वीमितको नाममा प्रतिलिपी वीमालेख जारी गरिने व्यहोरा सम्बन्धित सवैको लागि जानकारी गराईन्छ।
**नाम:** संख्यम तामाङ
**ठेगाना** : बिर्तामोड -४, झापा
**बिमालेख नं** : ५९१२००१५७५०
**सर्म्पक नं.** : ९८१४९०६६४५
ASIAN Life Insurance Company
सबैको लागि सधैंको लागि सुरक्षा...
**एशियन लाईफ इन्स्युरेन्स क. लि.**
प्रधान कार्यालय एशियन लाईफ भवन, मैतीदेवी काठमाण्डौं
फोनं.: ४४२०२७० फ्याक्स नं.: ४४४२१३८

**बीमालेख हराएको सूचना**

यस कम्पनीबाट जारी भएका तपशिल बमोजिमका बीमालेख हराएकोले प्रतिलिपी बीमालेख जारी गरी पाँउ भन्ने ब्यहोरा सहितको निवेदन सम्बन्धी बीमितबाट यस कम्पनिमा प्राप्त भएकोले उक्त वीमालेख उपर कोही कसैको हक दाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कम्पनिको प्रधान कार्यालयमा प्रमाण सहित निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा निवेदकको माग बमोजिम सम्बन्धित वीमितको नाममा प्रतिलिपी वीमालेख जारी गरिने व्यहोरा सम्बन्धित सवैको लागि जानकारी गराईन्छ।
**नाम:** योगराज ओझा
**ठेगाना** : इटहरी -१९,सुनसरी
**बिमालेख नं** : २०१०५३११४
NEPAL LIFE INSURANCE CO. LTD.
जिनकि जीवन अमूल्य छ...
**नेपाल लाईफ इन्स्युरेन्स क. लि.**
प्रधान कार्यालय कमलादी, काठमाण्डौं
फोनं.: ०१-४१६९०८२

Pauwadungma Rural Municipality
Chyangre, Bhojpur, Province no:1

**Invitation for Bids**

Invitation for Bids for the Upgrading road from Sukrabare to ward office 1
Contact Identification No: PRM/SQ/077-078/09

1. Pauwadungma Rural Municipality,Bhojpur invites electronic bids only from eligible bidders for the Procurement of Printer and Laptops under Sealed Quotation.

| S.N | Name of Project | Contact ID | Estimated Amount(without VAT & Contingencies) | Bid fee | Bid Security |
|---|---|---|---|---|---|
| 1 | Procurement of Printer and Laptops | PRM/SQ/077-078/09 | 5,59,292.04 /- | 1,000/- | 15,000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO e-GP system www.bolpatra.gov.np/egp.

**इटहरी उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी (१ नं. प्रदेश नेपाल)

**उपाभोक्ता हितलाई ध्यानमा राख्दै सम्पूर्ण व्यवसायी तथा ग्राहक वर्गमा अनुरोध**

- कुनै पनि वस्तु खरिद गर्दा उत्पादनको नाम, सामानको मिश्रण, अधिकत्तम खुद्रा मुल्य, उपभोग म्याद सकिने मिति हेरी उपयुक्त लागेमा मात्र खरिद गर्ने बानी बसालौं।
- गुणस्तरहीन, संकास्पद र मिलावट भएको कुनै पनि वस्तु फेला परेमा तत्काल उपमहानगरपालिकामा उजुरी गरौं।
- मुल्य तिरेपछि विल पाउनु उपभोक्ताको अधिकार हो। सामान खरिद गरेपछि विल लिई सुरक्षित बनौं।
- खरिद बिल लिने बानीको बिकास गर्दै संविधानले सुनिश्चित गरेको अधिकारको प्रयोग गरौं।
- सम्पूर्ण व्यवसायीहरूले नियमअनुसार आफ्नो व्यवसायको दर्ता गरी आवश्यक कागजात राख्न र उपमहानगरपालिकामा व्यवसाय गर्ने प्रमाणपत्र समयमै नविकरण गराउन यो सुचान जारी गरिएको छ।

**स्वास्थ्यको ख्याल गरौं, आफ्नो आयु आफै लम्ब्याउ**
इटहरी उपमहानगरपालिका

visit nepal 2020
**गोरखा होटल**

विशेष छुटसहित हामी निरन्तर तपाईहरुकै सेवामा समर्पित हुनेछौं । हामीसंग स्विट रुम, एक्जुकेटिभ रुम, डिलक्स रुम र नर्मल रुम गरी ४२ वटा रुमहरु उपलब्ध छन् ।

यहाँ लाउञ्जको पनि व्यवस्था छ । गोरखा रेस्टुरेन्ट एण्ड

**गोरखा होटल प्रा. लि.**

सर्म्पक : ०२५-५८२३११
इटहरी, सुनसरी, धरान रोड
गोरखा डिपार्टमेन्ट स्टोर पछाडि

**जनहितमा जारी सूचना**

**धरान उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
धरान, सुनसरी (१ नं. प्रदेश नेपाल)

**सम्पूर्ण व्यवसायी तथा उपभोक्ता वर्गमा धरान उपमहानगरपालिकाको अनुरोध**

- कुनै पनि सामान खरिद गर्दा वस्तु वा सामानको मूल्य सूचि, उपभोग्य मिति, उत्पादनको नाम, सामानको मिश्रणको अवस्था हेरी उपयुक्त लागेमा मात्र खरिद गरौँ।
- कानून बमोजिमको खरिद बिल पाउनु उपभोक्ताको अधिकार हो। सामान खरिद गरेपछी बिल लिएर सुरक्षित बनौँ।
- मिसावट भएको, शंकास्पद, उपभोग्य मिति फेरबदल गरिएको र गुणस्तरहीन सामान बिक्री गर्न राखेको फेला परे तत्काल उपमहानरपालिकाको कार्यलयमा उजुरी गरौँ।
- व्यावसायीहरुले नियमानुसार आफ्नो व्यावसाय दर्ता गरौँ, व्यावसाय प्रमाणपत्र समयमै नवीकरण गरौँ।
- व्यावसायीहरुले आफ्नो उत्पादनमा यत्पादनको नाम, उत्पादन मिति, उपभोग्य समय, मूल्य, सम्मिश्रण, तौल र ब्याच नं अनिवार्य रुपमा राख्नुहोला।

## आजको राशिफल



आचार्य पण्डित
सम्राट गौतम
९८४२१००५५५

मेष: मिष्ठान्न भोजन प्राप्त हुनेछ। पारिवारिक जमघट बढ्नेछ। आर्थिक लाभ हुनेछ। रमाइलो गरेर दिन व्यतित हुनेछ।

वृष: वादविवाद बढ्न सक्नेछ। चोटपटक लाग्ने संभावना छ। आर्थिक संकट आउन सक्छ। अनावश्यक चिन्ता बढ्न सक्नेछ।

मिथुन: समय अनुकुल रहेको छ। अध्ययनमा उन्नति हुनेछ। नयाँ कार्यको थालनी हुनेछ। स्वागत सत्कारमा मन आनन्दीत हुनेछ।

कर्कट: व्यापारमा लाभ बढ्ने योग छ। विभिन्न अवसरहरु प्राप्त हुनेछन्। राजनीतिक क्षेत्रमा सफलता मिल्नेछ। कर्यमा हौसला बढेर जानेछ।

सिंह: दिन व्यस्त भएर व्यतीत हुनेछ। कार्यमा अरुको हस्तक्षेप हुन सक्छ।शरीर अस्वस्थ हुनसक्छ। मनमा असन्तोष बढ्नेछ।

कन्या: अध्ययनमा समय दिने कोशिश गर्नुहोला। आर्थिक समस्या आउन सक्छ। शत्रुहरु सक्रिय हुनेछन्। भोजनमा सजक रहनुपर्ने छ।

तुला: मनोरञ्जनले समय बित्नेछ। व्यवसायीक क्षेत्र सफल रहेको छ। आवस्यक साथसहयोग जुट्नेछ। कार्यले सम्मानित बनाउनेछ।

वृश्चिक: शत्रु माथी विजय प्राप्त हुनेछ। आर्थिक लाभको संभावना छ। शरीरमा उत्साह बढेर जानेछ। मान-संमान बढ्न सक्नेछ।

धनु: शरीर अस्वस्थ हुन सक्छ। सहयोगबाट बन्चित भइनेछ। अध्ययनमा शुन्य उपलब्धि हुनेछ। मनमा अशान्ति भैरहने छ

मकर: बोलिमा विचार पुर्याउनुहोला। पारिवारिक मतभेद हुन सक्छ। अनावश्यक खर्च बढ्न सक्नेछ। मनमा निरन्तर डर उत्पन्न हुनसक्नेछ।

कुम्भ: नयाँ काम सुचारु गर्न सक्नुहुनेछ। आकस्मिक लाभको योग छ। साथीहरूसङ्ग भेटघाट हुनेछ। आर्थिक वृद्धिदर बढ्नेछ।

मीन: आर्थिक समस्या आउन सक्छ। आत्मविश्वास घट्न सक्छ। धन हानी हुने संभावना छ। अध्ययनमा बिशेष जोड दिनुहोला।